# पञ्चकन्या गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**लाकुरीभञ्ज्याङ, नुवाकोट**

**बागमती प्रदेश, नेपाल**

सू.नं. २९

मिति : २०८३/०६/२८

**रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको विवरण संकलन तथा दर्ता सम्बन्धी जरुरी सूचना !!**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौंबाट जारी गरिएको रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्ने प्रक्रिया, २०८३ अनुसार मिति २०८३/०५/१० गते रसुवा भोटेकोशीमा आएको बाढीमा परी बेपत्ता हुनुभएका व्यक्तिहरूको आधिकारिक विवरण यकिन गरी अन्तिम प्रमाणीकरण गर्नुपर्ने भएकाले यस गाउँपालिका अन्तर्गत स्थायी ठेगाना भई उक्त बाढीमा परी कोही व्यक्ति बेपत्ता हुनुभएको भए यो सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिनभित्र देहायबमोजिमको प्रक्रिया पूरा गरी सम्बन्धित वडा कार्यालयमा निवेदन पेस गर्न यो सूचना प्रकाशित गरिएको छ।

१. नेपाली नागरिक बेपत्ता भएको भए अपनाउनुपर्ने प्रक्रियाः

- **एकाघरका परिवारले पेस गर्नुपर्नेः** बेपत्ता व्यक्तिको एकाघरका परिवारका सदस्यले बेपत्ता व्यक्तिको नामथर, ठेगाना, उमेर खुल्ने सरकारी कागजात वा पहिचान खुल्ने अन्य कागजात, निज र बेपत्ता व्यक्तिको नाता प्रमाणित हुने कागजात र सोही बाढीमा बेपत्ता भएको हो भन्ने स्वघोषणा सहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्ने।
- **परिवारका सदस्य नभएको अवस्थामाः** बेपत्ता भएका व्यक्तिको एकाघरमा परिवार सदस्य नभएको हकमा सम्बन्धित वडा अध्यक्षले वडा सचिव र स्थानीय प्रहरीको रोहबरमा सोही बाढीबाट बेपत्ता भएको यकिन गरी सर्जमिन मुचुल्कासहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्ने।

*नोटः पेश गर्नु पर्ने निवेदनको ढाँचा र स्वघोषणाको ढाँचा यसै सुचना साथ संलग्न गरिएको छ।*

..................

**हिराधन राई**

**प्रमुख प्रशासकीय अधिकृत**

# निवेदनको ढाँचा

मिति:...../....../....

श्री वडा अध्यक्षज्यू,
.........वडा समितिको कार्यालय,
..................................पालिका।

**विषय: बेपत्ता कायम गरी पाऊँ।**

उपरोक्त सम्बन्धमा मिति २०८३-०५-१० को रसुवा भोटेकोशी बाढीको समयमा..............प्रदेश ...........जिल्ला....................पालिका........नं.वडा स्थायी ठेगाना भएका ..............................................को नाती /नातिनी /बुहारी, ..........................................................को छोरा /छोरी /बुहारी वर्ष..............को श्री ......................................................... मिति २०८३-०५-१० गते .......................................स्थानमा .................................................प्रयोजनको लागि रहनुभएको /जानुभएकोमा बाढीमा परी हालसम्म पनि बेपत्ता रहेकोले निजको नाम बेपत्ता व्यक्तिको सूचीमा सूचीकृत गराइदिनु हुन अनुरोध छ।

निवेदक

(नाम र सहीछाप)

संलग्न कागजातहरू

१. बेपत्ता व्यक्तिको परिचयपत्रको प्रतिलिपि (नागरिकता वा राष्ट्रिय परिचयपत्र वा अन्य परिचय खुल्ने कागजात)
२. एकाघर परिवारका सदस्य नभएकाको हकमा माथि खण्ड (क) को बुँदा नं. ३ मा उल्लेख भए वमोजिमको निवेदन।
३. बेपत्ता व्यक्तिसँगको नाता प्रमाणित हुने कागजात।
४. स्वघोषणा।
५. निवेदकको नाम, ठेगाना र सम्पर्क नम्बर
६. बेपत्ता व्यक्तिको फोटो (उपलब्ध भएसम्म)।

| दाँया | बाँया |
|---|---|
| | |



कार्यकारी प्रमुख

## स्वघोषणाको ढाँचा

मितिः ...../....../.....

श्री वडा अध्यक्षज्यू,
.........वडा समितिको कार्यलय,
..................................पालिका

**विषयः स्वघोषणा ।**

रसुवा भोटेकोशी बाढीमा परी..................प्रदेश ........................जिल्ला..................................पालिका........नं. वडा स्थायी ठेगाना भएका ..........................................................को नाति /नातिनी /बुहारी, ..................................................को छोरा /छोरी /बुहारी वर्ष............को मेरो ......................नाता पर्ने श्री ................................................ मिति २०८३-०५-१० गते ..............................................स्थानमा बेपत्ता भई सम्पर्कमा नरहेको बेहोरा अनुरोध छ। निजको बेपत्ताको कारण भोटेकोशी रसुवा बाढीबाहेक अन्यथा नरहेको बेहोरा स्वघोषणा गर्दैं पेश भएका विवरणहरू झुठो ठहरिएमा कानून बमोजिम सहने बुझाउने छु।

निवेदक
(नाम र सहीछाप)

| दायाँ | बायाँ |
|---|---|
| | |

कार्यकारी प्रमुख